गोडैता नगरपालिका
Godaita Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
गोडैता, सर्लाही
Godaita, Sarlahi
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या(L./No.):०८१।०८२

च.नं.(Ref./No.): 2364

मिति(Date): २०८२।०२।२५

श्री विषयगत शाखा (सबै),
श्री वडा कार्यालय (सबै),
श्री निर्माण व्यवसायी तथा उपभोक्ता समिति (सबै),
श्री सरोकारवाला संघ संस्था (सबै),

**विषयः चालु आ.व. (२०८१/०८२) को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (साथ) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको छ । साथै आर्थिक वर्षको अन्तमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application (SUTRA) पनि डाउन हुने, आषाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी प्रतिवेदन पठाउनु पर्ने, कोष तथा लेखा नियन्त्रण कार्यालयमा भौचर बुझाउनु पर्ने र सबै कारोवारको हिसाव मिलान गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाबाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मिति २०८२/०३/१० गते भित्र पूर्णरुपमा सम्पन्न गरी मिति २०८२/०३/१५ गते भित्र भुक्तानी लिन अनुरोध छ । सो अवधिमा भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीका लागि हार्दिक अनुरोध छ ।

...................
शम्भु प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

शम्भु प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१) श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
२) श्री मधेश प्रदेश सरकार, अर्थ मन्त्रालय, जनकपुरधाम, धनुषा ।
३) श्री कोप तथा लेखा नियन्त्रण कार्यालय, मलंगवा, सर्लाही ।
४) श्रीमान् नगर प्रमुखको सचिवालय ।
५) श्रीमान् नगर उपप्रमुखको सचिवालय ।
६) श्री वडाध्यक्षज्यू (सबै) ।
७) श्री कार्यपालिका सदस्यज्यू (सबै) ।

website : www.godaitamun.gov.np , Email : info@godaitamun.gov.np , godaitamunicipality@gmail.com
contact no. : 9854038382, 9854038112, 9851178068